## गाउँपालिका उपाध्यक्ष श्री सरिता रोकाया ज्यूले गाउँ सभाको १८ औं अधिवेशनमा पेश गर्नु भएको

# खत्याड गाउँपालिकाको आर्थिक वर्ष २०८२/०८३ को प्रस्तावित बार्षिक कार्यक्रम तथा बजेट


खत्याड गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
रामतडी, मुगु
कर्णाली प्रदेश, नेपाल


*२०८२ साल असार १० गते*

खत्याड गाउँपालिका, मुगु

## खत्याड गाँउपालिकाको उपाध्यक्ष श्री सरिता रोकाय ज्यूले पेश गर्नु भएको चालु आर्थिक वर्ष २०८१/०८२ को प्रगति विवरण आगामी आर्थिक वर्ष २०८२/०८३ को प्रस्तावित बार्षिक कार्यक्रम तथा बजेट

खत्याड गाउँपालिकाको १८ औं अधिवेशनका आदरणीय सभाध्यक्ष ज्यू, गाँउ सभाका सम्पूर्ण सदस्य ज्यूहरु, जिल्ला समन्वय समितिका सदस्य ज्यूहरु, कर्मचारी तथा उपस्थित सम्पूर्ण महानुभावहरु, म यहाँहरु सवैलाई हार्दिक नमस्कार गर्दै खत्याड गाउँपालिकाको उपाध्यक्ष एवं बजेट तथा कार्यक्रम तर्जुमा समितिको संयोजकको हैसियतले आगामी आ.व.को बजेट तथा कार्यक्रम प्रस्तुत गर्ने चाहान्छु।

जनताको सार्वभौम अधिकार जनतामा स्थापित गराई संघिय लोकतान्त्रिक गणतन्त्र नेपालको स्थापनार्थ प्राप्त सवै उपलब्धीहरुलाई संस्थागत गर्दै ऐतिहासिक कालदेखी विभिन्न समयमा प्रजातान्त्रिक आन्दोलनलाई सफल पार्ने क्रममा सहादत प्राप्त गर्नुहुन ति ज्ञात अज्ञात महान् शहीदहरु प्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्न चाहान्छु।

नेपालको संविधान बमोजिम जनमत प्राप्त स्थानिय सरकारको उपाध्यक्षको हैसियतले आगमी आ.व.२०८२/०८३ को बजेट तथा कार्यक्रम प्रस्तुत गरी रहँदा गाउँ पालिकाको आन्तरिक श्रोत न्यून भएकोले जनताको विकास निर्माण लगायतका मागहरु पुरा गर्न चुनौति रहेको अवस्था छ।सिमित श्रोत साधनलाई सन्तुलित र प्रभावकारी रुपमा परिचालनका गरी “समृद्द खत्याड, सुखी खत्याडी” बनाउन महत्वपूर्ण लक्ष्य प्राप्त गर्न खत्याड गाउँपालिकाको आ.व.२०८२/०८३ को अनुमानित आय, व्यय यस गरिमामय गाउँसभाको १८ औं अधिवेशनमा प्रस्तुत गर्न पाउँदा म आफु गौरवान्वित भएको महसुस गरेको छु।स्थानिय तहको कार्यकारणी, व्यवस्थापकिय तथा आर्थिक कार्य प्रणाली सम्वन्धी अधिकार सवैधानिक रुपमा व्यवस्था गरेको हुदाँ सार्वभौम सत्ता सम्पन्न जनतालई शासन प्रकृयामा अत्याधिक मात्रमा सम्मिलित हुने अवसर जुटाई आफ्नो क्षेत्रको विकासको लागि स्रोत साधनको परिचालन,विनियोजन र विकासको प्रतिफलको सन्तुलित र समान वितरण गर्न विकास प्रकृयालाई संस्थागत तुल्याउन उत्तरदायित्व एंव जिम्मेवारी सहितको स्थानिय तहको व्यवस्था भएको सन्दर्भमा अहिले स्थानिय तहहरुले जनतालाई नजिकबाट सेवा प्रदान गर्ने तथा प्रत्यक्ष र तत्काल लाभको अनुभूती दिने विकास निर्माणका योजना तथा कार्यक्रमहरु सञ्चालन गर्ने गरी बजेट तथा कार्यक्रमको व्यवस्था गरेको छु।

सामाजिक न्यायमा आधारित समतामूलक समाज निर्माण गर्ने तर्फ दीर्घकालिन सोच सहित बजेटका प्रचलित सिद्धान्त, मूल्य एंव मान्यताहरुलाई आत्मसाथ गर्दै नेपालको संविधान,२०७२, स्थानिय सरकार सञ्चालन ऐन, २०७४, स्थानिय तहको योजना तथा बजेट तर्जुमा दिग्दर्शन,२०७४, संघ तथा प्रदेशको आवधिक योजना, दिगो विकास लक्ष्यलाई अनुसरण गर्दै आ.व.२०८२/०८३ को बजेट प्रस्तुत गरेको छु। बजेट निर्माण गर्न क्रममा गाउँ पालिकाको नीति तथा कार्यक्रम, आवधिक योजना तथा मध्यकालिन खर्च संरचनाका प्राथमिकताका क्षेत्रहरुको आधार लिई आर्थिक, सामाजिक तथा सास्कृतिक, पूर्वाधार, लोकतन्त्र र सुशासन, गरिबी, असमानता र सामाजिक समावेशीकरणमा जोड दिई यो बजेट र्तजुमा गरेको छु।

**आदरणीय सभाध्यक्ष ज्यू तथा सभा सदस्य ज्यूहरु,**

सर्वप्रथम म चालु आ.व.को प्रगति समिक्षा प्रस्तुत गर्न चाहन्छु।

क) चालु आ.व.मा तय गरेको नीति तथा कार्यक्रम र बजेट कार्यान्वयनलाई विविध चुनौतिको वावजुद प्रभावकारी कार्यन्वयन गरी पुंजीगत खर्चमा जोड दिएको छ।

ख) सूचना प्रविधिको प्रयोग गरी कर्मचारी तथा शिक्षकहरुको अनुगमन कार्यलाई सहज बनाएको छ।

ग) खत्याड गाँउपालिलका भित्रका विभिन्न स्थानमा नयाँ सडकको ट्र्याक खोल्ने तथा स्तोरन्नति कार्यमा विशेष जोड दिएको छ।

घ) नागरिकहरुको स्वास्थ्य सेवामा पहुँचमा अभिवृद्धि गर्न स्वास्थ्य इकाई केन्द्रमा विस्तार तथा एम्वुलेन्स सेवालाई व्यवस्थित रुपमा सञ्चालनमा ल्याएको छ।

ङ) शैक्षिक गुणस्तरमा अभिवर्द्धि गर्ने विभिन्न किसिमको शिक्षण सिकाई तथा अनुदानमा जोड दिई शैक्षिक गुणस्तरमा जोड दिएको छ।

च) कुल ग्रहास्थ उत्पादनमा प्रत्यक्ष रुपमा सहयोग पुऱ्याउने कृर्षि तथा पशु सेवालाई विशेष जोड दिएको छ।

छ) युवा, एकल महिला, विपन्न वर्गको लागि आयमूलक तथा सिपमूलक तालिम तथा वेरोजगारी युवा/यवुतीहरुलाई रोजगारीमा विशेष जोड दिएको छ।

ज) प्रधानमन्त्री तथा मुख्यमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका योजनाहरुलाई उत्पादनमूलक क्षेत्रमा प्राथमिकता दिई योजना कार्यान्वयन गरिएको छ।

झ) नागरिकमा स्वच्छ पानीको पहुँचमा अभिवृद्धि गर्न ५ वटा वडामा खानेपानी जडान योजनालाई प्राथमिकता दिई प्रभावकारी कार्यान्वयन गरी दिगो विकास लक्ष्य प्राप्तीमा जोड दिएको छ।

**आ.व.२०८२/८३ को बजेटका मुख्य उद्देश्यहरु यस प्रकार छन्।**

क) गुणस्तरीय तथा आधुनिक पूर्वाधार निर्माणमा जोड दिने।

ख) सूचना प्रविधिको उच्चतम उपयोग गरी सार्वजनिक सेवा प्रवाहलाई सरल, सहज तथा भरपर्दो बनाउने।

ग) विकास निर्माणका कार्यहरुलाई विपद् मैत्री बनाउने।

घ) शिक्षा, स्वास्थलाई सरल, सहज तथा गुणस्तरीय बनाउने।

ङ) कृर्षिको उत्पादन तथा उत्पादकत्वमा बृद्धि गरी व्यावसायीकरण तथा बजारीकरणमा जोड दिने।

च) पर्यटन पूर्वाधारमा जोड दिई आन्तरिक तथा बाह्रय पर्यटक भित्र्याउने।

छ) युवा जनशक्तिलाई आयमूलक तथा सिपमूलक तालिम प्रदान गरी स्वरोजगार तथा रोजगारी बनाउने।

ज) उद्यमशिलता विकासमा जोड दिई रोजगारी सिर्जना गर्ने।

झ) जलवायू परिवर्तनको असर न्यूनिकरण गरी उत्थानशिल समाजको निर्माण गर्ने।

ञ) लैगिंक समानता, सामाजिक न्याय तथा समावेशी समाज निर्माण गर्ने।

ट) प्रभावकारी वित्त व्यवस्थापन तथा पुँजीगत खर्च क्षमता अभिवृद्धि गर्ने।

**आर्थिक बर्ष २०८२/०८३ को बजेट प्राथमिकताका आधारहरु यस प्रकार रहेका छन्।**

क) भौतिक पूर्वधारहरुमा लगानी बढाई रोजगारीको सिर्जना गर्ने।

ख) शिक्षा स्वास्थ्य क्षेत्रमा गुणस्तरीय कायम तथा सबैको पहुँचमा अभिवृद्धि गर्ने।

ग) स्थानिय स्रोत साधनको सदुपयोग गरी लघु, घरेलु तथा साना उद्योगहरुको प्रर्वधन गरी रोजगारी सिर्जना गर्न

घ) कृर्षि क्षेत्रको उत्पादकत्व अभिवृर्द्धि गरी आत्म निर्भर बनाउने।

ङ) लक्षित समूहलाई सिपमुलक तथा आयमूलक तालिम प्रदान गरी स्वारोजगारी तथा रोजगारी बनाउने।

च) पर्यटन प्रर्वधनमा जोड दिई रोजगारीको सिर्जना गर्ने

छ) विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन गर्न ।

ज) सार्वजनिक सेवा प्रवाहलाई सरल, सहज तथा सवैको पहुँच योग्य बनाउने।

झ) स्थानिय स्रोत साधनमा आधारित भई विकास निर्माणमा जनसहभागिता अभिवृर्द्धि तथा दिगोपना कायम गर्ने।

ञ) दिगो विकास लक्ष्यहरु प्राप्ति गर्ने।

ट) संस्थागत विकासमा अभिवृद्धि गरी सुशासन कायम गर्ने।

ठ) आर्थिक विकास तथा गरिवी निवारणमा टेवा पुऱ्याउने ।

ड) राजश्वको दायरा वृर्द्धि गरी आन्तरिक आय बढाउनु।

**आदरणीय सभाध्यक्ष ज्यू तथा सभा सदस्य ज्यूहरु,**

आ.ब. २०८२/८३ मा खत्याड गाउँपालिकामा विभिन्न स्रोतहरुबाट प्राप्त हुने अनुमानीत आयको विवरण तपशिल बमोजिम भएको जानकारी गराउँदछु। जसको संक्षिप्त विवरण निम्नानूसार छ।

**क) आन्तरिक आय बाट रु ८०,७०,०००।— (असि लाख सत्तरी हजार)**

**ख) संघीय सरकारको वित्तीय हस्तान्तरण तर्फ**

सशर्त अनुदान चालु २५,३६,००,००० ।-(पच्चीस करोड छत्तिस लाख)
शसर्त अनुदान पुँजिगत ४,५१,००,००० ।-(चार करोड एकाउन्न लाख)
समपुरक अनुदान पुँजिगत १,३५,००,००० ।-( एक करोड पैतिस लाख )
विषेश अनुदान चालु १,६५,००,००० ।-( एक करोड पैसठी लाख)
समानिकरण अनुदान १०,९९,००,००० ।-( दश करोड उनान्सय लाख)

**ग) प्रदेश सरकारको वित्तीय हस्तान्तरण तर्फ**

सशर्त अनुदान चालु २६,४४,००० ।-( छब्बीस लाख चौवालिस हजार मात्र )
शसर्त अनुदान पुँजिगत ३,०५,००,०००।—( तीन करोड पाँच लाख )
समपुरक अनुदान पुँजिगत १,२८,००,०००।—( एक करोड अठाईस लाख )
विषेश अनुदान चालु ८०,००,०००।—( असी लाख मात्र )
समानिकरण अनुदान १,४४,५४,००० ।- ( एक करोड चौवालिस लाख चौवन्न हजार मात्र )

**घ) संघीय सरकारको बाँडाफाड बाट प्राप्त राजश्व ११,२०,२१०००।— (एघार करोड विस लाख एक्काइस हजार मात्र)**

**ङ) कर्णाली प्रदेश सरकारको बाँडाफाड बाट प्राप्त राजश्व १७,९२,३९६।— (सत्र लाख वयानब्बे हजार तिन सय छयानब्बे मात्र)**

च) **अल्या रकम रु २,००,००,०००।— (दुई करोड) समेत गरी कुल जम्मा रु ६४,८८,८१,३९६।— (चौसट्ठी करोड अठासी लाख एकासी हजार तिन सय छयानब्बे मात्र)** आय हुने लक्ष्य प्रस्ताव गरेको छु।

संघिय सरकार र प्रदेश सरकारबाट प्राप्त हुने सशर्त अनुदान तर्फको बजेट तथा कार्यक्रम गाउँपालिकालाइ प्राप्त भए अनुसार नै यस बजेट तथा कार्यक्रममा समावेश गरीएको छ।

माथि प्रस्तुत आय बिवरणको कुल **६४,८८,८१,३९६/-(चौसट्ठी करोड अठासी लाख एकासी हजार तिन सय छयानब्बे मात्र)** रकमबाट निम्न बमोजिमका क्षेत्रहरुमा व्यय हुनेगरी प्रस्ताबित बजेट पेश गरेको छु । जसको विस्तृत विवरण अनुसूचि १ मा राखिएको छ।

| क.स. | खर्च शीर्षक | आ.ब.२०८२.८३ का लागि प्रस्तावित बजेट (हजारमा .रु) | कैफियत |
|---|---|---|---|
| १ | **कार्यालय सञ्चालन प्रशासनिक खर्च** | १२,४८,६२,३९६/- | (बाह्र करोड अठ्चालिस लाख बैसट्ठी हजार तिन सय छयानब्बे) |
| २ | **सामाजिक विकास** | | |
| २.१ | शिक्षा, युवा तथा खेलकुद | ६०,००,०००/- | (साठी लाख मात्र) |
| २.२ | स्वास्थ्य | ५५,००,०००/- | (पचपन्न लाख मात्र) |
| २.३ | सँस्कृती | २०,००,०००/- | (विस लाख मात्र) |
| २.४ | खानेपानी तथा सरसफाइ | ९३,००,०००/- | ( त्रियानब्बे लाख मात्र) |
| २.५ | लैङ्गिक समानता तथा सामाजिक समाबेशिकरण | ३०,००,०००/- | (तिस लाख मात्र) |
| २.६ | महिला, बालबालिका तथा ज्येष्ठ नागरिक | ३०,००,०००/- | (तिस लाख मात्र) |
| ३ | **आर्थिक विकास** | | |
| ३.१ | कृषि | ५५,००,०००/- | (पचपन्न लाख मात्र) |
| ३.२ | उद्योग,पर्यटन तथा बाणिज्य | २०,००,००० /- | (बिस लाख मात्र) |
| ३.३ | पशु सेवा | २५,००,०००/- | (पच्चिस लाख मात्र) |
| ३.४ | सहकारी तथा वित्तिय | १०,००,०००/- | (दश लाख मात्र) |
| ४ | **सूचना तथा सञ्चार** | ३०,००,०००/- | (तीस लाख मात्र) |
| ५ | **सस्थागत विकास,सुशासन र सेवा प्रवाह** | ६०,००,०००/- | (साठी लाख मात्र) |
| ६ | **बन,वातावरण तथा विपद् व्यवस्थापन** | ४०,००,०००/- | (चालिस लाख मात्र) |
| ७ | **भौतिक पूर्वाधार विकास** | ८,८५,७५,०००/- | (आठ करोड पचासी लाख पचहत्तर हजार मात्र) |

| | | | |
|---|---|---|---|
| ८ | **संघीय सरकार वित्तीय हस्तान्तरण तर्फ** | | |
| ८.१ | संघीय सशर्त अनुदान चालु | २५,३६,००,०००/- | (पच्चिस करोड छत्तिस लाख मात्र) |
| ८.२ | संघीय सशर्त अनुदान पुँजिगत | ४,५१,००,०००/- | (चार करोड एकाउन्न लाख मात्र) |
| ८.३ | संघीय समपुरक अनुदान | १,३५,००,०००/- | (एक करोड पैतिस लाख मात्र) |
| ८.४ | संघीय विशेष अनुदान | १,६५,००,०००/- | (एक करोड पैसट्ठी लाख मात्र) |
| ९ | **प्रदेश सरकार वित्तीय हस्तान्तरण** | | |
| ९.१ | प्रदेश सशर्त अनुदान चालु | २६,४४,०००/- | (छब्बिस लाख चौवालिस हजार मात्र) |
| ९.२ | प्रदेश सशर्त अनुदान पुजीगत | ३,०५,००,०००/- | (तिन करोड पाँच लाख मात्र) |
| ९.३ | प्रदेश समपुरक अनुदान पुजिगत | १,२८,००,०००/- | (एक करोड अट्ठाइस लाख मात्र) |
| ९.४ | प्रदेश विषेश अनुदान | ८०,००,०००/- | (असि लाख मात्र ) |
| **जम्मा** | | **६४,८८,८१,३९६/-** | (चौसट्ठी करोड अठासी लाख एकासी हजार तिन सय छयानब्बे मात्र) |

**आदरणीय सभाध्यक्ष ज्यू तथा सभा सदस्य ज्यूहरु,**

अन्तमा, प्रस्तुत बजेट तथा कार्यक्रमको सम्वन्धमा सभामा हुने छलफलमा सभा सदस्यहरु ज्यूहरुबाट गहन मार्ग निर्देशक एवं रचनात्मक सुझाव आउने अपेक्षा लिएको छु। गाउँ पालिकाको विकास अभियान सदैव मार्ग निर्देशन र सहयोग पुऱ्याउने हुने सरकारी तथा गैर सरकारी निकायहरु, राजनितीज्ञ दलहरु, सवै दातृ निकायहरु, बजार व्यवस्थापन

समिति, नागरिक समाज, समाजसेवी, वुद्धिजिवी, पत्राकार लगायत अन्य सामाजिक संघ सस्थाहरु र आदरणीय खत्याड वासीहरुमा हार्दिक आभार व्यक्त गर्दै यो बजेट तथा कार्यक्रम कार्यान्वयनको लागि सदाझै निरन्तर सहयोग प्राप्त हुनेछ भन्ने अपेक्षा राख्दछु। बजेट तथा कार्यक्रम तर्जुमा गर्ने कार्यमा सहयोग पुऱ्याउने हुने कार्यपालिकाका सदस्यहरु ज्यूहरु, जिल्ला समन्वय समितिका सदस्य ज्युहरु,विभिन्न बिषयगत समितिका पदाधिकारी ज्यूहरु र कर्मचारीहरुमा हार्दिक आभार एवं धन्यवाद दिन चाहन्छु।

धन्यवाद् ,

नमस्कार !

**सरिता रोकाया**

**उपाध्यक्ष**

**मिति २०८२ साल असार १०**

खत्याड गाउँपालिका, मुगु